सर्वोच्च अदालत
काठमाडौं

## सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

"प्रधानमन्त्री र प्रधान न्यायाधीशबीच बालुवाटारमा छलफल, ओलीले गाडी पठाए पछि आए राणा" र "प्रधान न्यायाधीशसँग सवा घण्टाको छलफल पछि राती ११:०० बजे बाहिरिए प्रधान न्यायाधीश राणा" भन्ने शिर्षक राखी इमेज खबर अनलाइनले मिति २०७८।०२।१० मा, "प्रधानमन्त्री ओली र प्रधान न्यायाधीशबीच सोमबार राती अर्थपूर्ण भेट" भन्ने शिर्षक राखी पहिलो क्लिक अनलाइन पत्रिकाले मिति २०७८।०२।११ मा, "प्रधान न्यायाधीश राणालाई बालुवाटार बोलाएर ओलीले भने मलाई सहयोग गर्नु होस्" भन्ने शिर्षक राखी नेपाल समय अनलाइनले मिति २०७८।०२।११ मा र अन्य केही अनलाइन पत्रिकाहरुमा प्रकाशित समाचारहरु प्रति सर्वोच्च अदालतको गम्भीर ध्यानाकर्षण भएको छ।

उल्लेखित विषयमा कुनै सत्यता नरहेको र न्यायपालिकाको स्वच्छता एवम् यस प्रतिको आस्था र विश्वासमा प्रतिकुल प्रभाव पार्ने गरी अतिरञ्जित तथा दुरासययुक्त भावनाबाट समाचार प्रकाशन हुनु अत्यन्त दुखद र खेदजन्य बिषय हो। अदालतमा दर्ता हुन आएका कुनै विवादसँग जोडेर न्यायसम्पादनको कार्यलाई प्रतिकुल प्रभाव पार्ने कुत्सित मनसाय राखी सत्य तथ्य र यथार्थ अवस्था बुझ्दै नबुझी समाचार प्रकाशन हुनु दुखद् अवस्था हो। यस प्रकारका कार्यहरु संविधान, कानून र स्वयम् पत्रकार आचारसंहिताको समेत प्रतिकुल हुने हुँदा कानूनी दायरामा आउन सक्ने तर्फ सचेत हुन ध्यानाकर्षण गराउँदछौं। साथै यस्ता भ्रमपूर्ण कपोलकल्पित समाचारको भ्रममा नपर्न सबैमा अनुरोध गर्दछौं।

न्यायपालिका आम नागरिकको आस्था, विश्वास र भरोसाबाट सञ्चालन हुने राज्यको स्वतन्त्र संस्था हो। स्वतन्त्र, निष्पक्ष, सुदृढ र सक्षम न्यायपालिका एवम् विधिको शासनको सुनिश्चितता तथा न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धिमा अदालत सदैव गम्भीर, सचेत र संवेदनशील एवम् पूर्णरूपमा प्रतिबद्ध रहेकोप्रति विश्वस्त हुन पनि सबैमा अनुरोध गर्दछौं। न्यायपालिकाको मर्यादा र गरिमामा आँच आउने किसिमबाट प्रकाशित भएका तथ्यहीन, कपोलकल्पित र भ्रामक समाचार सच्याउन सम्बन्धित सबैको ध्यानाकर्षण गराउदछौं।

मिति : २०७८।०२।११

२०७८।२।११

देवेन्द्र ढकाल
सह प्रवक्ता